# रजत जयन्ती तथा वार्षिकोत्सव समारोहमा क्याम्पस प्रमुखबाट प्रस्तुत विश्वशान्ति चिरन मिलन क्याम्पसको प्रगति प्रतिवेदन २०७८

नेत्रप्रसाद न्यौपाने

## १. क्याम्पसको पृष्ठभूमि

नेपालको राजधानी काठमाडौं जिल्लाको मुटु मानिने डिल्ली बजारमा वि.सं. २०४८ सालमा त्रिभुवन विश्वविद्यालयको नीतिअनुरूप यस क्याम्पसको स्थापना भएको हो । २०३७ सालमा त्रि.वि.ले जनस्तरबाट समेत क्याम्पस सञ्चालन गर्न सक्ने नीति लिएअनुसार विश्वशान्ति क्याम्पस पनि स्थानीय क्षेत्रका जनता, सामाजिक कार्यकर्ता अभिभावक विद्यार्थी, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, उद्योगी, व्यवसायी तथा अग्रणी युवाहरूको सामूहिक प्रतिबद्धता र अग्रसरतामा उच्च शिक्षाको चाहना र चासोकै फलस्वरूप नेपालका विभिन्न भूभागबाट काठमाडौंमा आई बसोबास गर्ने निम्न आर्थिक अवस्था भएका नेपालीका छोराछोरीलाई उच्च शिक्षाको ढोका खोल्ने दृढता अनुरूप त्रि.वि.सँग २०४८ सालमा विधिवत् सम्बन्धन लिएको शैक्षिक संस्था हो । यस संस्थाले विधिवत् रूपमा सम्बन्धन लिए पनि विविध कारणले कक्षा सञ्चालन हुन सकेको थिएन ।

काठमाडौंको उत्तरी भेगमा हाल कामनपा वडा नं. ३ र ४ निवासीबाट सामुदायिक विकास एवं समाजसेवा जस्ता सामाजिक कल्याणप्रति अभिरूचि राख्ने स्थानीय बुद्धिजीवी, समाजसेवी, विशेषज्ञहरूको सक्रियतामा सञ्चालित सामुदायिक कार्य केन्द्रले सर्वसाधारण जनताका छोराछोरीहरूको शिक्षामा पहुँच पुगोस् र न्यूनतम शुल्कमा अध्ययन गर्ने अवसर पाऊन् भन्ने उद्देश्यले अभिभावक तथा विद्यार्थीहरूको चाहनाअनुसार काठमाडौं उपत्यकाभित्रका आङ्गिक क्याम्पसहरूले मात्र उच्च शिक्षाको चापलाई धान्न नसक्ने परिस्थितिमा यस क्षेत्रको स्थानीय तहमै उच्च शिक्षाको ढोका खोल्ने दृढता अनुरूप त्रि.वि.सँग २०५० साल उक्त सामुदायिक सेवा केन्द्रका तात्कालीन अध्यक्ष एवं सभामुख दमननाथ ढुङ्गाना र स्थानीय बुद्धिजीवी, समाजसेवीहरूको पहलमा उक्त डिल्ली बजारका लागि सम्बन्धन पाएको विश्वशान्ति क्याम्पसलाई महाराजगञ्जस्थित श्रीबाँसबारी माध्यमिक विद्यालयमा स्थानान्तरण गरिएको हो ।

प्रारम्भमा वाणिज्य सङ्कायतर्फ प्रवीणता प्रमाण-पत्र तह (आई.कम.) प्रथम वर्षको शैक्षिक कार्यक्रमबाट थालनी गरिएको यस क्याम्पसमा २०६२ सालदेखि वाणिज्य सङ्कायतर्फ स्नातक तह (बिबिएस) र २०६३ सालदेखि मानविकी सङ्कायतर्फ स्नातक तह (बिए) का कक्षाहरू सञ्चालित हुँदै आइरहेका छन् ।

क्याम्पसको भौतिक पूर्वाधार निर्माणका लागि समाजसेवी यस क्याम्पसले २०६३ साल असार महिनामा एक महायज्ञको आयोजन गरेको थियो । उक्त महायज्ञमा स्थानीय बुद्धिजीवी, समाजसेवी डा. शक्म्भुराम सिंखडाबाट प्राप्त रकम रू. १५,००,०००। (अक्षरूपी पन्ध्र लाख) र अन्य दाता महानुभावहरू प्राप्त भएको नगद तथा जिन्सी गरी जम्मा ४०,००,०००। (चालिस लाख) आर्थिक सङ्कलनले क्याम्पसलाई केही भौतिक पूर्वाधार निर्माणमा राहत मिलेको थियो । सोही महायज्ञपश्चात् सञ्चालिक समितिको निर्णयबमोजिम क्यामपसको नामसमेत परिवर्तन भई चिरन-मिलन विश्वशान्ति क्याम्पस रहन गएको हो ।

क्याम्पसको भौतिक पूर्वाधार विकासका लागि काठमाडौं जिल्ला वार्ड नं.३ स्थित साविक २२ (छ) कित्ता नं. १५६ को सरकारी जग्गा हाल नयाँ नक्सा सिट नं. १०२ - ०९४७ -२२ को कित्ता नं ७ को करिब ३ रोपनी सरकारी जग्गा सरकारको स्वामित्वमा रहने गरी यस क्याम्पसको भोजचलनका निम्ति सिफारिस भएकाले वि.सं. २०७० सालदेखि विश्वविद्यालय अनुदान आयोगको भवन निर्माणस्वरूप प्राप्त रू. ३७,५०,०००/(रू.सैंतिस लाख पचास हजार), शान्तिका निम्ति विकास कार्याक्रम अन्तर्गत प्राप्त १५,००,०००। (रू. पन्ध्र लाख) र अन्य दाताहरूको

सहयोगबाट भोगाधिकारका निम्ति प्राप्त क्याम्पसको जग्गामा इन्जिनियरले दिएको नक्साअनुसार तिन तले पक्की भवनमा १८ ओटा कोठा निर्माण गर्नुपर्ने लक्ष्य निर्धारण भए पनि २०७२ साल वैशाख १२ को विनाशकारी भूकम्पपश्चात् भूकम्पविद्, इन्जिनियर र सहरी विकास भौतिक पूर्वाधार भवन निर्माण आचार संहिताबमोजिम नक्सा परिवर्तन गरी एक तला पक्की र माथिल्लो तलामा ट्रस्टको छानु लगाई जम्मा एक हलसहित १६ ओटा कोठाको भवन निर्माण भइसकेको र उक्त कोठाहरू पठन-पाठनका लागि प्रयोगमा रहेका छन् । विद्यार्थीहरूको चाप बढ्दै गएपछि कक्षाकोठाको अभाव भई कार्यक्रम हललाई पनि पाटेसन गरी कक्षाकोठाका रूपमा प्रयोग गरिँदै आइएको छ ।

## २. शैक्षिक कार्यक्रम

यस क्याम्पसमा हाल मानविकी र व्यवस्थापन गरी दुई सङ्कायमा पठनपाठन हुँदै आएको छ । बिहानी सत्रमा सञ्चालित व्यवस्थापन तर्फ चारवर्षे कोर्सको पढाइ सञ्चालित छ भने मानविकी तर्फ चार बर्से पाठ्यक्रअन्तर्गत अनिवार्य अंग्रेजी, ऐच्छिक नेपाली, ऐच्छिक अंग्रेजी, समाजशास्त्र र पत्रकारिता विषयमा पठनपाठन हुँदै आएका छन् ।

यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरू खास गरी दुर्गम जिल्ला ओखलढुंगा, सिन्धुपाल्चोक, सिन्धुली, काभेपमलान्चोक, सिन्धुपलान्चोक, रामेछाप, दोलखा, लमजुङ्ग, गोर्खा, नुवाकोट, धादिङ, चितवन, झापा, सुनसरी, मोरङ, इलाम, पाँचथर, तनहूँ, स्याङ्जा, गुल्मी, संखुवासभा, नवलपरासी, कैलाली, जाजरकोट, ताप्लेजुङ, म्याग्दी, धनगढी, कैलाली आदि अधिकांश जिल्लाबाट काठमाडौँमा आई अस्थायी बसोबास गर्ने विद्यार्थीहरूको संख्या अत्यधिक मात्रामा रहेको छ । अत्यन्त न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरूको पठनपाठनमा न्यून शुल्क मात्र निर्धारण गरिएको छ । जनजाति, पिछडिएका वर्ग र दुर्गम स्थानका विद्यार्थी अध्ययनरत यस क्याम्पसमा थोरै शुल्कमा पढ्न पाएकै कारण लाभान्वित हुन पाएका छन् ।

गुणस्तरीय शिक्षा, अनुभवी प्राध्यापक, नियमित पठनपाठन, क्याम्पसको आफनै क्यालेण्डरअनुसारको आन्तरिक परीक्षा, त्रिभुवन विश्वविद्यालयद्वारा लिइने वार्षिक परीक्षामा प्राप्त परीक्षाफल आदि कारणले गर्दा पनि यस क्याम्पसमा भर्ना हुन आउने विद्यार्थीहरूको संख्या प्रत्येक वर्ष वृद्धि हुँदै गरेको छ । त्रिविको परीक्षा परिणामलाई दृष्टिगत गर्दा केही वर्षलाई छोडेर राम्रो प्रतिशत प्राप्त भएको छ । कुनै वर्ष अपेक्षित परिणाम प्राप्त हुन नसक्नुमा अधिकांश विद्यार्थी बिहानैदेखि रोजगारीमा जानु पर्ने बाध्यताका कारण पनि हो । क्याम्पसले हालका वर्षहरूमा परीक्षा परिणाम उच्च बनाउन पठनपाठन लगायतमा गुणस्तर अभिवृद्धि गर्ने कार्य प्रारम्भ गरिएको छ ।

अहिलेको अवस्थामा क्याम्पसमा पठनपाठन भइरहेका विद्यमान विषयहरूबाहेक पर्यटन, होटल व्यवस्थापन, सोसल वर्क, हस्पिटालिटि म्यानेज्मेन्ट जस्ता विषयहरूको माग हुँदा हुँदै पनि भौतिक तथा अन्य सुविधाको अभाव र सम्बन्धन लिन नसकेका कारण पनि पठन पाठन संचालन गर्न सकिएको छैन । यी विषयहरूमा आगामी दिनहरूमा प्रयास गर्दै लगिने क्याम्पसको योजना तथा कार्यक्रम रहेको छ ।

राष्ट्रिय परीक्षा बोर्डसँगको सम्बन्धनबाट ११ र १२ का कक्षाहरूसमेत सञ्चालन भइरहेका छन् । व्यवस्थापन र मानविकीसँग सम्बन्धित विषयहरू पठनपाठन हुँदै आएका छन् ।

## ३. क्याम्पसको भौतिक संरचना

### ३. १ जग्गा

काठमाडौं जिल्ला वार्ड नं. ३ स्थित साविक २२ (छ) कित्ता नं. १५६ को सरकारी जग्गा हाल नयाँ नक्सा सिट नं. १०२ - ०९४७ -२२ को कित्ता नं ७ को करिब ४ रोपनी सरकारी जग्गा सरकारको स्वामित्वमा रहने गरी यस स्थानीय सरकारबाट क्याम्पसको भोजचलनका निम्ति भोगाधिकार प्राप्त भइसकेको छ । भोगाधिकार उपलब्ध गराउने स्थानीय सरकारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

### ३. २ क्याम्पस भवन

करिव २० वर्षसम्म भाडामा सञ्चालन भइरहेको यो क्याम्पस विगत ६ वर्षदेखि आफ्नै भवनमा सञ्चालित हुँदै आएको छ । विश्वविद्यालय अनुदान आयोग, जिल्ला विकास समिति, स्थानीय सरकार, दाताहरू र अन्य पक्षबाट प्राप्त आर्थिक सहयोगले दुई तले भवन निर्माण गरी त्यसैमा पठनपाठन सञ्चालन गरिएको छ । विद्यार्थी संख्या र कक्षाहरूको आवश्यकतालाई दृष्टिगत गर्दा हालको भौतिक अवस्था पर्याप्त छैन । कक्षा कोठाहरू नपुग भएकै कारण कार्यक्रम हललाई समेत बारेर कक्षा सञ्चालन गर्नु पर्ने अवस्था छ । पठनपाठनलगायत् कम्प्युटर, कार्यालय, पुस्तकालय, लेखाशाखा आदिका लागि कोठाहरूको अभाव खट्किएकै छ । हाल माग भइरहेका अतिरिक्त विषयहरूका लागि समेत भौतिक अभावकै कारण ती कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।

आर्थिक अभाव भएकै कारण आमसञ्चार तथा पत्रकारिताको प्रयोगशाला व्यवस्थापन गर्न सकिएको छैन । इन्डोर गेमहरूका लागि पनि हामीसँग कोठाहरू छैनन् । बैठक कक्षको अभाव उतिकै खट्किँदो छ । शिक्षकहरूका लागि अलग्गै कोठाको व्यवस्थापन गर्न सकिएको छैन । भवन निर्माणका लागि क्याम्पसकै हाताभित्र जग्गा हुँदाहुँदै पनि आर्थिक अभावकै कारण थप संरचना निर्माण गर्न नसक्नु हाम्रो बाध्यता नै हो ।

खानेपानी तथा ढल निकास विभाग (हालको नाम खानेपानी तथा सरसफाई डिभिजन ५) ले क्याम्पस तथा स्थानीय बासीहरूका लागि ढल तथा बाटो ग्रावेलिङ गर्ने कार्यको दोस्रो चरण सम्पन्न भइसकेको छ । सोही सन्दर्भमा क्याम्पसका लागि दुई कोठा बराबरको शौचालय निर्माण कार्य पूरा भएको छ । शौचालय र पठनपाठनका साथै कार्यालय कक्षसहित २ ओटा भवनहरू विद्यमान रहेका छन् ।

### ३.३ फर्निचर

कक्षाकोठाबाहेक परम्परित रूपमा सञ्चालन हुँदै आएका फर्निचरहरू प्रयोग हुँदै आएका छन् । अत्याधुनिक सुविधा सम्पन्न फर्निचरहरूको अभाव खड्किरहेको छ । समयानुसार फर्निचरको बनोटमा परिवर्तन गर्नु पर्ने आवश्यकता महसुस भएको छ ।

शिक्षा विकास निर्देशनालय बागमती प्रदेश हेटौँडाबाट सामुदायिका क्याम्पसहरूको सबलीकरणका लागि आर्थिक वर्ष २०७६/०७७ अन्तर्गत फर्निचर खरिदका लागि रू. ११,००,०००। (एघार लाख) रूपैयाँ अनुदान सहयोग प्राप्त भएको छ । सो रकमबाट क्याम्पसको कार्यालयमा आवश्यक दराज, टेबुल, कुर्सी, पुस्तकालयका लागि दराज, टेबुल र विभागीय प्रमुखहरूका लागि आवश्यक फर्निचरहरू खरिद गरिएको छ ।

हालसम्म क्याम्पसले उपभोग गर्दै आएका फर्निचरहरूको विवरण निम्नानुसार रहेको छ :

यस क्याम्पसको फर्निचर विवरण क्याम्पसको संरचनाअनुरूप हाललाई पर्याप्त रूपमा रहेको छ । गत वर्ष शिक्षा विकास निर्देशनालय बागमती प्रदेशबाट सामुदायिक क्याम्पस सबलीकरण कार्यक्रमअन्तर्गत प्राप्त ११ लाख बराबरको फर्निचर प्रक्रिया मुताबिक खरिद गरिएको छ । हाल क्याम्पसमा रहेका फर्निचरहरूको विवरण तपसिलबमोजिम रहेको छ :

| SN. | Particular | quantity | Made up of | new | old | Out of work |
|---|---|---|---|---|---|---|
| | Furniture | | | | | |
| 1 | Office Table | 3 | wood | 2 | 1 | |
| 2 | General Table | 3 | Wood | | 3 | |
| 3 | Computer Table Long | 6 | Wood | 6 | 0 | |
| 4 | Computer Table short | 6 | wood | 6 | 0 | |
| 5 | Desk and Benches | 206 | Wood | 205 | | 1 |
| 6 | Chairs | 18 | Wood | 11 | 7 | |
| 7 | Office Chairs | 1 | iron and Synthetic | 1 | | |
| 8 | Chairs plastics | 7 | plastics | | 7 | |
| 9 | Computer chair | 20 | iron and Synthetic | 20 | | |
| 10 | Cupboard | 2 | steel | | 2 | |
| 11 | Cupboard | | Wood | | | |
| 12 | Book rack | 10 | wood | | 10 | |
| 13 | Book rack | 3 | steel | | 3 | |
| 14 | podium | 14 | wood | 14 | | |
| 15 | Sofa set | 3 | wood | 3 | | |
| 16 | Book Cabinet | 9 | wood | 9 | | |
| 16 | Computer panel table | 6 | wood | 6 | | |
| 17 | Office cabin | 7 | Wood | 6 | | |
| 18 | Teacher's book Cabinet | 4 | wood | 4 | | |
| 19 | Tea table | 1 | wood | | 1 | |
| 20 | Low rack | 1 | wood | | 1 | |
| 21 | Steel ladder | 1 | steel | 1 | | |
| 22 | White board | 12 | wood | | 12 | |
| 23 | Notice board | 2 | wood | | 2 | |
| 24 | Dust bin | 4 | plastic | | 4 | |

## ३.४ प्राविधिक उपकरण

समयको माग हो प्रविधि । आजका विद्यार्थीहरू सैद्धान्तिक ज्ञानमा मात्र सीमित हुँदैनन् । क्याम्पसमा पठाइ हुने विषयहरू अधिकांश सैद्धान्तिक विषयसँग सम्बन्धित भए पनि विद्यार्थीहरू प्रायोगिक र प्राविधिक बन्नुपर्छ भन्ने उद्देश्य क्याम्पसको मोटो नै हो । सोही अनुरूप कम्प्युटरको सामान्य ज्ञान प्राप्त गर्न सकून् भन्ने उद्देश्यले एउटा कम्प्युटर प्रयोगशाला व्यवस्थापन गरिएको छ । आर्थिक वर्ष २०७४/७५ मा विश्वविद्यालय अनुदान आयोगको रू.७,५०,०००। ( सात लाख पचास हजार) रकम बराबरको उपकरण खरिद गरी विद्यार्थीहरूलाई प्राविधिक ज्ञान प्रदान गर्दै आएका छौँ । केही प्राविधिक उपकरणहरू कार्यालय कक्ष र लेखाशाखामा समेत प्रयोग भएका छन् । क्याम्पसमा हालसम्म उपलब्ध रहेका प्राविधिक उपकरणहरूको विवरण निम्नानुसार रहेको छ :

| क.सं. | उपकरणको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कम्प्युटर | २४ | |
| २ | ल्यापटप | १ | |
| ३ | फोटोकपी मिसिन (स्क्यान र प्रिन्टरसहित) | १ | |
| ४ | प्रिन्टर | १ | |
| ५ | साउन्ड बक्स ठूलो | १ | |
| ६ | साउन्ड बक्स सानो | २ | |
| ७ | प्रोजेक्टर | १ | |
| ८ | हिटर | १ | |

### ३.५ पुस्तकालय

समय परिवर्तन सँगै शैक्षिक गुणस्तरमा परिवर्तन गर्नु आजको आवश्यकता हो । हामीले उत्पादन गरेका विद्यार्थीहरू विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु हाम्रो कर्तव्य हो । एकोहोरो पुस्तकीय ज्ञानले मात्र जीवनलाई सबल बनाउन सकिँदैन तर परीक्षा प्रणाली र हाम्रो शिक्षानीतिले दिएको निर्देशनलाई स्वीकार्नु हामी सबैको कर्तव्य हो । परीक्षा भवनमा उपस्थित भएर शैक्षिक निकायहरूले तोकेको परीक्षा समयमा सामेल नभएसम्म जतिसुकै ज्ञान आर्जन गरे पनि उद्देश्य पूरा हुँदैन । शैक्षिक योग्यता हासिल गर्न पुस्तक अपरिहार्य माध्यम हो । यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरू न्यून आर्थिक अवस्था भएका हुनाले विद्यार्थी स्वयं पनि पुस्तक खरिद गर्न असमर्थ छन् । तिनै निम्न आय स्रोत भएका विद्यार्थीहरू नै यस क्याम्पसमा अध्ययन गर्ने भएकाले ती विद्यार्थीहरूको भविष्यलाई उज्ज्वल बनाउन पनि पुस्तक खरिद गर्नु आवश्यक छ ।

विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा आ.व.२०७७/०७८ मा रु.७,५०,०००। (सात लाख पचास हजार) पुस्तक खरिदका निम्ति अनुदान प्राप्त भयो । उक्त अनुदान सहयोगबाट क्याम्पसले आवश्यक पुस्तक खरिद गरी हाल विद्यार्थी तथा प्राध्यापकहरूलाई अध्ययनअध्यापनका लागि पुस्तकहरू उपलब्ध गराउँदै आएको छ । हाल क्याम्पसमा पाठ्यपुस्तक, सहायक पाठ्यपुस्तकको संख्या ३२९० थान रहेको छ भने दैनिक तीन थान पत्रिका, एक थान साप्ताहिक, एक थान मासिक पत्रिका क्याम्पसमा उपलब्ध हुँदै आएको छ । अनुसन्धानमूलक पत्रिका प्रकाशनका निम्ति तयारी गरिँदै छ । त्रिभुवन विश्वविद्यालयले हाल बिए र बिबिए तहको पाठ्यक्रम परिवर्तन गरी नयाँ पाठ्यक्रम लागू गरिसकेको सन्दर्भमा पुरामा क्याम्पसको पुस्तकालयमा भएका पुस्तकहरू सहयोगी सामग्रीका रूपमा प्रयोग हुँदै आएका छन् ।

## ४. विद्यार्थी संख्या

सामुदायिक क्याम्पसहरूमा भर्ना हुने र पठाइ छोड्ने विद्यार्थीहरूको संख्या अत्यधिक मात्रामा वृद्धि भएको छ । सामुदायिक क्याम्पसमा पढ्नु पर्ने चाहना भएर भर्ना हुने विद्यार्थीहरू थुप्रै हुन्छन् तर भर्ना दर जस्तै पढाइ छोड्ने विद्यार्थीहरूको संख्या दर पनि कम छैन । स्नातक पढ्ने विद्यार्थीहरू अधिकांश विदेशी पासपोर्टको पर्खाइमा भर्ना भएका हुन्छन् । विदेशको भिसा लाग्ने बित्तिकै पढाइ छोडेर वैदेशिक रोजगारीमा हिँड्छन् । काठकाडौँ उपत्यकामा नै बस्नेहरू पनि धेरैलाई रोजगारीको समस्याले सताएको छ । घरपरिवार धान्नलाई पनि जागिर खानु पर्ने र कक्षा १२ उत्तीर्ण गरेपछि छोराछोरीले आफैँ कमाउनु पर्छ भन्ने अधिकांश अभिभावकहरूको चाहनाले पनि विद्यार्थीहरू स्नातक पढ्दापढ्दै क्याम्पस छोड्न बाध्य छन् । अबको समयमा बाबुआमाले छोराछोरी जन्माइसकेपछि कम्तिमा स्नातक तहसम्म कुनै काममा नलगाई पढाउनु पर्छ भन्ने सोचको विकास अभिभावकाहरूमा गराउनु आवश्यक छ । कतिपय विद्यार्थीहरूका

अभिभावक नै नहुने र काठमाडौं उपत्यकामा आफैं जीविका चलाएर जीवन धान्नु पर्ने बाध्यतालाई अबको सरकारले सोच्ने बेला आएको छ । एक सामुदायिक क्याम्पसको अध्ययनले के बताउँछ भने स्नातक तहको प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूमध्ये चौथो वर्षमा पुग्दा ७० प्रतिशत विद्यार्थीहरूले पढाइ छोडिसकेको अवस्था देखिन्छ । यो अध्ययनको निष्कर्ष हाम्रो क्याम्पसमा पनि लागू हुन्छ । कक्षा ११ र १२ मा भने पढाइ छोड्ने विद्यार्थीहरूको संख्या न्यून नै देखिन्छ ।

यस क्याम्पसमा अध्ययनरत शैक्षिक सत्र २०७५/७६ र २०७६/७७ सालका विद्यार्थीहरूको विवरण निम्नानुसार रहेको छ :

## ५. तीन वर्षको विद्यार्थी विवरण (छात्र, छत्रा, दलित आदि)

| संकाय | वर्ष | तह | केटा | केटी | इ.डि.जे. | दलित | मधेसी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| मानविकि | २०७५/७६ | प्रथम | १६ | २४ | ११ | ६ | ० | १६ |
| | | दोस्रो | ७ | १९ | ४ | १ | ० | ८ |
| | | तेस्रो | १४ | २० | ४ | २ | ० | १६ |
| | २०७६/७७ | प्रथम | २४ | ४१ | ९ | १२ | १ | २७ |
| | | दोस्रो | ६ | २० | ८ | १ | ० | १२ |
| | | तेस्रो | १२ | २२ | ७ | २ | ० | १३ |
| | २०७७/७८ | प्रथम | १५ | २६ | १८ | २ | ० | २१ |
| | | दोस्रो | १५ | २७ | ६ | ३ | ० | १९ |
| | | तेस्रो | २४ | २८ | ८ | ७ | १ | २० |
| | | | | | | | | |
| व्यवस्थापन | २०७५/७६ | प्रथम | १४ | ३६ | १२ | ३ | ० | २८ |
| | | दोस्रो | २० | २८ | ६ | ५ | ० | १४ |
| | | तेस्रो | ५ | १८ | ५ | १ | ० | ५ |
| | | चौथो | ३ | १५ | २ | १ | ० | ७ |
| | २०७६/७७ | प्रथम | २७ | २५ | ८ | ५ | १ | २२ |
| | | दोस्रो | १३ | ३६ | ७ | ६ | ० | २९ |
| | | तेस्रो | ४ | २० | ५ | १ | १ | ६ |
| | | चौथो | ३ | १५ | २ | ० | ० | १० |
| | २०७७/७८ | प्रथम | ४ | १४ | २ | ३ | ० | १३ |
| | | दोस्रो | १५ | २३ | ६ | ३ | २ | १७ |
| | | तेस्रो | २३ | २५ | ९ | ५ | १ | १८ |
| | | चौथो | १३ | २२ | ६ | ४ | ० | १८ |

## ६. अतिरिक्त क्रियाकलाप

नियमित अध्ययनबाहेक विद्यार्थीहरूको बौद्धिक तथा शारीरिक विकासका निम्ति विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरू क्याम्पसले गर्दै आएको छ । हाजिरी जवाफ, भलिबल, फुटबल, फुर्सल, दौड, गीत, कविता, वक्तृत्वकला, नृत्यलगायत शैक्षिक भ्रमण आदि क्रियाकलापहरू नै अतिरिक्त क्रियाकलापअन्तर्गत पर्ने विषयवस्तु हुन् ।

### ६.१ प्रतियोगितात्मक खेलकुद कार्यक्रम

२०७५ वर्षदेखि नियमित रूपमा विद्यार्थीहरू शारीरिक तथा मनोरञ्जनात्मक विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालन गर्न थालिएको छ । क्याम्पसको क्यालेन्डरमा नै उल्लेख गरी सबै विद्यार्थीहरूलाई सहभागी गराउने उद्देश्यले गत २०७६ साल र २०७८ सालमा साप्ताहिक रुपमा खेलकुद कार्यक्रम सम्पन्न भयो । भौतिक खेलकुदका लागि बाँसबारी क्लबले खेलकुद मैदान उपलब्ध गराएको छ । साप्ताहिक खेलकुद कार्यक्रमअन्तर्गत हाजिरी जवाफ, चेस, फुटबल, भलिबल, दौड, टग अफ वार, ब्याडमिन्टन, कपर्दीआदि खेलहरू सञ्चालित भएका थिए ।

प्रतियोगिताबाहेक क्याम्पस प्राङ्गणमा नै समय समयमा विद्यार्थीहरूलाई खेलकुद कार्यक्रम गराइँदै आइएको छ । विगत दुई वर्षमा भएका खेलकुद र विजेताहरूको नामावली क्याम्पसको स्मारिकामा उल्लेख गरिएको छ ।

## ६.२ सांस्कृतिक तथा चाडपर्वसँग सम्बन्धित कार्यक्रम

नेपाली संस्कृति सबै नेपालीका लागि गौरवको विषय हो । यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू पनि नेपाली संस्कृति र चाडवाड, दिवस आदिमा रमाउने गर्दछन् । यस्ता चाडपर्वहरूमा क्याम्पसले विद्यार्थीहरूले नै कार्यक्रमको आयोजना गर्ने गरेका छन् । क्याम्पस प्रशासनले विद्यार्थीहरूको आयोजनामा सक्दो सहयोग गर्दै आएको छ । क्याम्पसमा विगत लामो समयदेखि नयाँ वर्षमा शुभकामना तथा सांस्कृतिक कार्यक्रम, गुरुपूर्णिमाको कार्यक्रम, तिज, दशैको शुभकामना कार्यक्रम, वनभोज, सरस्वती पूजा, होली कार्यक्रम जस्ता विविध सांस्कृतिक कार्यक्रमहरू गर्दै आएको छ ।

## ६.३ शैक्षिक भ्रमण

हरेक वर्ष प्रायः स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई काठमाडौं उपत्यकाबाहिर शैक्षिक भ्रमण गराउने परम्परा रहेको छ । समयसमयमा विद्यार्थीहरूको चाहनालाई समेत मध्यनजर गरी शैक्षिक भ्रमण लैजाने गरिन्छ । अघिल्ला वर्षहरूमा दार्जिलिङ, सिक्किम, नेपालका पूर्वी भाग इलाम, धनकुटा, धरान, चितवन राष्ट्रिर पश्चिमतर्फ लुम्बिनी, पोखरा, घान्द्रुक, नवलपरासी जिल्लाको शाश्वत धाम भ्रमण गरी विद्यार्थीहरूले फिल्ड रिपोर्ट बुझाइसकेका छन् । साथै मुक्तिनाथसम्मको शैक्षिक भ्रमण सम्पन्न भइसकेको छ । विद्यार्थीका साथ विषयगत प्राध्यापकहरूलाई पनि भ्रमणमा सहभागी गराउने चलन रहेको छ ।

## ६. ४ सामुदायसँगको संलग्नता

हाल आफनै भवनमा संचालित क्याम्पस स्थानीय सामाजिक परिवेशमै रहेको छ । काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित महाराजगञ्ज बाँसबारी, जलढुंगामा वरिपरि विभिन्न पेशामा आवद्ध विभिन्न जातजातिको बसोबास रहेको छ । भवन निर्माणकै अवस्थामा पनि स्थानीय समाजले सौहार्द्रतापूर्ण व्यबहार र सहयोग प्रदान गरेका थिए । आवश्यकता हुँदा स्थानीय जनताले सबै पक्षमा सहयोग गरेका छन् ।

कतिपय सामाजिक कार्यहरू क्याम्पस र स्थानीय जनताको सामूहिक छलफल एवं सरसल्लाहमा सम्पन्न गरिएका छन् । क्याम्पस प्रवेश गर्ने बाटोघाटो, खानेपानी, बत्ती आदिका लागि सामूहिक सहमतिमा काम गर्ने गरिएको छ । क्याम्पस हातादेखि पूर्व तथा दक्षिणतर्फको सडक छुने स्थानसम्मको हाल ढलान भएको सडक पनि स्थानीय जनताको सामूहिक सहमतिमा गरिएको हो । क्याम्पसमा आयोजना गरिने वार्षिक कार्यक्रम, नयाँ वर्षको कार्यक्रम, सरस्वती पूजा, खेलकुद, रक्तदान जस्ता सामाजिक कार्यमा पनि स्थानीय जनताको सहभागिता रहने गरेको छ । स्थानीय जनताको आपसी सहयोग, सल्लाह र सहयताकै कारण क्याम्पसमा सामाजिक सौहार्द्रता कायम रहेको छ ।

### ६.५ सचेतनामूलक कार्यक्रम

विश्वशान्ति चिरन मिलन क्याम्पस समुदायको सचेतक संस्था बनेको छ । यो शैक्षिक संस्था भए पनि समाजमा हुने हरेक कार्यक्रममा सहयोगी भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यताका साथ क्याम्पस अगाडि बढिरहेको छ । सरसफाइ, स्वास्थ्य, शिक्षा जस्ता विषयमा समुदयसँग सहकार्य गरी चेतनामूलक कार्यहरू सम्पन्न गर्दै आएको छ । कोभिड १९ को सङ्क्रमण कम गर्न चेतनामूलक कार्यक्रम र मास्क वितरण गर्ने जस्ता कामहरू गर्दै आएको छ । समाजका बाटाघाटा निर्माणको क्रममा, खानेपानी जडान सम्बन्धमा, ढल विस्तारका सन्दर्भमा, बिजुलीका पोल व्यवस्थापनका क्रममा र असहाय व्यक्तिहरूलाई सामूहिक रूपमा सहयोग गर्ने क्रममा क्याम्पस सदा अग्रसर हुँदै आएको छ ।

कतिपय सामाजिक कार्यहरू क्याम्पस र स्थानीय जनताको सामुहिक छलफल एवं सरसल्लाहमा सम्पन्न गरिएका छन् । समुदायका लागि आवश्यक सडक निर्माणमा क्याम्पसले उल्लेखनीय भूमिका निर्वाह गरेको छ । क्याम्पसमा आयोजना गरिने वार्षिक कार्यक्रम, नयाँ वर्षको कार्यक्रम, सरस्वती पूजा, खेलकुद, रक्तदान जस्ता सामाजिक कार्यमा पनि स्थानीय जनताको सहभागिता रहेको छ । स्थानीय जनताको आपसी सहयोग, सल्लाह र सहयताकै कारण क्याम्पसमा सामाजिक सौहार्द्रता कायम रहेको छ । भोलिका दिनमा समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गरी समाजका अशिक्षित वर्गमा चेतनाको विकास गराउने योजना रहेको छ । साथै स्वास्थ्य क्षेत्रमा क्याम्पसको तर्फबाट रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर कार्यक्रम आयोजना गर्दै आएको छ र आगामी दिनमा पनि त्यस्ता कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको छ ।

## ७. पूर्व विद्यार्थी समाज सम

यस क्याम्पसका पूर्व विद्यार्थीहरूको सामूहिक संस्था विश्वशान्ति चिरन मिलन क्याम्पस पूर्व विद्यार्थी समाज तदर्थ समिति सक्रिय रूपमा रहेको छ । मेचीदेखि महाकालीसम्मका विद्यार्थीहरू अध्ययन गर्ने यस क्याम्पसबाट उत्पादित जनशक्ति देशका विभिन्न उच्च तहमा पुगेर आफ्नो कर्तव्यप्रति सजग रहेका छन् । वैदेशिक कार्यक्षेत्रमा समेत यस क्याम्पसको जनशक्ति सशक्त रूपमा खपत भएको छ । उद्योग, व्यवसाय, समाजसेवा, राष्ट्रसेवा आदि क्षेत्रमा यस क्याम्पसका पूर्वविद्यार्थीहरूले खेलेको भूमिका स्मरणीय मान्न सकिन्छ । कलाक्षेत्रदेखि लिएर नेतृत्वविकासमा समेत यस क्याम्पसबाट उत्पादित जनशक्ति सक्षम

रहेको छ । हाल पूर्व विद्यार्थी समाज तदर्थ समितिले हालसम्मका पूर्वविद्यार्थीहरूसँग समन्वय गरी क्याम्पसको श्रीवृद्धिमा उल्लेखनीय योगदान गर्दै आएका छन् र भविष्यमा पनि क्याम्पसको हितमा अतुलनीय सहयोग गर्ने छन् भन्ने विषयमा पूर्ण विश्वस्त छु ।

### ७.१ आर्थिक प्रतिवेदन

यस क्याम्पसको आर्थिक अवस्थालाई नियाल्दा क्याम्पसको सम्पूर्ण मूल आयस्रोत विद्यार्थीबाट उठ्ने न्यूनतम शुल्क नै हो । वार्षिक रूपमा एक जना विद्यार्थीले बढीमा १५ हजारसम्म शुल्क तिर्ने गर्दछन् । त्यसमा पनि अधिकांश विद्यार्थीहरू आर्थिक कठिनाइका कारण पूर्ण शुल्क बुझाउन नसक्ने हुँदा धेरै विद्यार्थीहरूलाई छुटको व्यवस्था गरिएको छ । आर्थिक अभावकै कारण परीक्षाबाट विद्यार्थीहरूले वञ्चित हुनु नपरोस् भन्ने क्याम्पस प्रशासनको धारणा हो । विगत ३ वर्षको आम्दानीलाई लेखा परीक्षणका आधारमा निम्नानुसार देखाइएको छ :

### ७.१.१ गत ३ वर्षको आम्दानी

| आर्थिक वर्ष | आम्दानी |
|---|---|
| २०७७/२०७८ | ६६७८२९७.५१ (विश्वविद्यालयको नियमित, पुस्तक खरिद अनुदान र क्यूएएक दिइएको सहयोगसहित) |
| २०७६/२०७७ | ६२,५०, ६९२.२९ (युजिसी र प्रदेशसहितको) |
| २०७५/२०७६ | ५६, ९१, ९७९३.७६ (युजिसीसहित) |

### ७.१.२ विद्यार्थी शुल्क

गत वर्षको तुलनामा यस वर्ष विद्यार्थीबाट उठ्ने शुल्कमा ह्रास आएको छ । यसको मूल कारण कोभिड १९ रह्यो । त्रिभुवन विश्वविद्यालयका परीक्षाहरू समयमा हुन नसकेका कारण विद्यार्थीहरूको शैक्षिक सत्र नै लगभग १ वर्ष जति पछाडि सरेको छ । त्यसैले उठ्नु पर्ने रकम समयमा उठ्न नसक्नु नै यस वर्षको शुल्क आम्दानीमा कमी देखिनु हो । आर्थिक वर्ष २०७६/२०७७ को तुलनामा यस वर्ष ८,१४,०८२। (आठ लाख चौध हजार बयासी रूपैयाँ) रकम कम आम्दानी भएको छ । विद्यार्थीबाट प्राप्त स्नातक र कक्षा ११ तथा १२ सहितको गत तीन वर्षको आम्दानी निम्नानुसार रहेको छ :

| आर्थिक वर्ष | आम्दानी |
|---|---|
| २०७७/२०७८ | ३२०७८३१। |
| २०७६/२०७७ | ४०,२१,९१३.१६ |
| २०७५/२०७६ | ४४,३६,२५०.०० |

### ७.१.३ सरकारी स्रोत

क्याम्पस सञ्चालनका लागि यस क्याम्पसमा सरकारी स्तरबाट कुनै पनि आम्दानी रहेको छैन । प्रदेश सरकारले फर्निचर खरिदका निम्ति आर्थिक वर्ष २०७६/२०७७ मा उपलब्ध गराउनु पर्ने रकम रू. ७,३७,०००। यस आर्थिक वर्षमा उपलब्ध गराएको छ । स्थानीय सरकारले निर्माण गरिदिएका भौतिक संरचनाबाहेक क्याम्पसका नाममा अन्य कुनै पनि रकम यस आर्थिक वर्षमा उपलब्ध भएको छैन । विगत ४ वर्षमा यस क्याम्पसलाई प्राप्त सरकारी स्रोतलाई निम्नानुसार देखाइएको छ :

### ७.१.४ विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय अनुदान आयोगले नियमित अनुदान स्वरूप सहयोग गर्दै आएको छ । आयोगले नियमित अनुदान, पुस्तक खरिद र गुणस्तर सुधारका निम्ति प्रदान गरेको अनुदान सहयोग सरकारी स्तरबाट प्राप्त सहयोग हुन् । समय समयमा भौतिक संरचना र पुस्तकालय तथा उपकरण खरिदका निम्ति अनुदान प्राप्त गर्दै आएको छ । विगत तीन वर्षको अनुदानलाई निम्नानुसार देखाइएको छ :

| आर्थिक वर्ष | आम्दानी | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | १७,२३,२७५। | नियमित, पुस्तकालय, शैक्षिक गुणस्तर सुधारका निम्ति |
| २०७६/२०७७ | ७,०३,२७५। | नियमित अनुदान |
| २०७५/२०७६ | ६,८३,३२५। | नियमित अनुदान |

### ७.१. ५ अन्य स्रोत

सामुदायिक क्याम्पस भएका नाताले समुदायबाट यदाकता चन्दा वा सहयोग स्वरूप आम्दानी हुने गरेको छ । यस वर्ष उल्लेख्य सहयोग प्राप्त भएको छैन । जे जति सहयोग प्राप्त छ त्यसलाई लेखा परीक्षणमा समावेश गरिएको छ । लेखा परीक्षणमा उल्लेख भएअनुसार विगत ३ वर्षको प्राप्त सहयोग निम्नानुसार देखाइएको छ :

| आर्थिक वर्ष | आम्दानी | स्रोत |
|---|---|---|
| २०७७/२०७८ | २,००,०००। | विभिन्न दाता |
| २०७६/२०७७ | ५०,०००। | लक्ष्मण वन |
| २०७५/२०७६ | ५०,०००। | दशरथ कार्की |

**भौतिक विकासका निम्ति २०७४ माघदेखि २०७८ माघसम्म संस्थागत रूपमा प्राप्त भएको आर्थिक सहयोग निम्नानुसार रहेको छ :**

| नाम | ठेगाना | सहयोग रकम रू.मा |
|---|---|---|
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नम्बर ५,बाग्मती प्रदेश ढल निकास विभाग (शौचालय, पर्खाल, ढल, खानेपानीको पाइप, बाटो, तारजाली) | काठमाडौं | १,१०,०९,५६९।- |

| | | |
|---|---|---|
| विश्वविद्यालय अनुदान आयोग (भवन निर्माण)<br>(कम्प्युटर, पुस्तक खरिद) | भक्तपुर | ३७,५०,०००।-<br>१८,००,०००।- |
| काठमाडौँ महानगर पालिका– ३ नम्बर वडा, महाराजगञ्ज, काठमाडौँ<br>(वायरिङ, ग्राउण्ड ढलान, पर्खाल, तारजाली, डिप बोरिङ, उद्यान, खानेपानी प्रशोधन, भवन रङरोगन आदि) | काठमाडौँ | ७३,००,०००।- |
| शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौँडा<br>(ब्लक छापेको, फर्निचर) | मकवानपुर | २६,००,०००।- |
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय (भवनको जस्ता छानो निर्माण) | काठमाडौँ | १७,२५,७४३।- |

### ७.२ खर्च विश्लेषण

#### ७.२.१ तलब

कोभिडका कारण विद्यार्थीहरूबाट उठ्नु पर्ने रकम उठ्न नसकेकाले प्राध्यापक तथा कर्मचारीहरूको आर्थिक वर्षभरिको मासिक पारिश्रमिक उपलब्ध गराउन सकिएन । अघिल्लो वर्षको बाँकी तलबसहित यस आर्थिक वर्षमा २०७८ असोज महिनासम्मको तलबमात्र खुवाउन सकियो । आर्थिक वर्ष २०७७/२०७८ यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापक तथा कर्मचारीहरूको तलबका साथै तीन वर्षको तलब विवरण यस प्रकार छ :

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | ३६,३६,८९५। | अघिल्लो वर्ष र यस वर्षको असोजसम्मको पारिश्रमिक |
| २०७६/२०७७ | ४५,२४,५९४। | बाँकी र पुरानोसहित |
| २०७५/२०७६ | ३७,०६,७८२। | |

#### ७.२.२ अन्य

नियमितअन्तर्गत अन्य खर्चको विवरण यस प्रकार छ :

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | २४९३४०३। | |
| २०७६/२०७७ | २७०४९५७। | |
| २०७५/२०७६ | १९९१३८८। | |

#### ७.२.३ मूल संरचना विकास

पूँजीगत खर्चमा विगत तीन वर्षको विवरण

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| २०७७/२०७८ | | |
| २०७६/२०७७ | २५९२५६४। | सांसद विकास कोष र अन्य |
| २०७५/२०७६ | १,१०,०९, ५६९। | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय डिभिजन नं. ५ बाट शौचालय तथा पर्खाल निर्माण |

### ७.२.४ सामान्य संरचना विकास

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | ४१८७६। | |
| २०७६/२०७७ | ११०११८५। | फर्निचर |
| २०७५/२०७६ | १५०००००। | ब्लक निर्माण |

### ७.२.५ उपकरण

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | २५,८५४। | |
| २०७६/२०७७ | | |
| २०७५/२०७६ | | |

### ७.२.६ किताब

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८/२०७९ | ११,३२,८३३। | विश्वविद्यालय अनुदान आयोगको सहयोग |
| २०७६/२०७७ | ९८,१४५। | |
| २०७५/२०७६ | ३२,३६४। | |

### ७.२.७ गुणस्तर सुधार

क्याम्पसको गुणस्तर सुधारका निम्ति क्याम्पसले वार्षिक रूपमा केही रकम छुट्याउने गरेको छ । पछिल्लो समयमा विश्वविद्यालय अनुदान आयोगबाटसमेत यस क्षेत्रमा सहयोग प्राप्त हुँदै आएको छ ।

| आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|
| २०७७/२०७८ | १,५४,४१० | |
| २०७६/२०७७ | | |
| २०७५/२०७६ | | |

### ७.३ लेखा परीक्षण अवलोकन गत वर्षका

आर्थिक वर्ष २०७७/०७८ मा पनि विश्वव्यापी कोभिड १९ को प्रभाव कम रहेन । केही महिना सहज देखिए पनि विद्यार्थीहरूमा उत्साह कम हुनु, ग्रामीण क्षेत्रका विद्यार्थीहरू गाउँमै बस्नु र पढाइप्रति उत्साह नहुनु साथै बेरोजगारी रहनु क्याम्पसको आर्थिक कमजोरी हुनुको मूल कारण हो । नियमित रूपमा भौतिक पठनपाठन नभएकाले विद्यार्थीबाट उठ्ने शुल्क लगभग ४० प्रतिशत उठ्न सकेन । कोभिडकै कारण सांसद विकास कोषबाट विनियोजन भएको ३५,००,०००। रूपैयाँ बराबरको काम असार मसान्तसम्म पूर्ण हुन नसक्दा सो रकमको ६६ प्रतिशत रमक सरकारको कोभिड कोषमा फिर्ता भएको छ । हाल ३५ लाख बराबरको काम पूर्ण भए पनि रकम प्राप्त गर्न नसक्दा कामदारहरूले निरन्तर तागेता गरिरहेका छन् । सो समस्याको समाधान सम्बन्धित निकायबाट सम्पन्न हुने कुरामा हामी विश्वस्त छौँ । गत ३ वर्षको लेखा परीक्षण प्रतिवेदन स्मारिकामा प्रकाशन गरिएको छ ।

**८क्यूएए समिति**

विश्वशान्ति चिरन मिलन क्याम्पस विश्वविद्यालय अनुदान आयोगको नीतिनियममा रही विद्यार्थीहरूको गुणस्तर सुनिश्चितताका लागि क्यूएएको प्रक्रियमा दर्ता भइसकेको छ । आजसम्मको उपलब्धिमा क्याम्पस प्रशासनले क्यूएएका विभिन्न चरणहरूमध्ये पहिलो चरणको ीइक्ष को पत्र प्राप्त गरिसकेको छ । गत माघ महिनादेखि एक वर्षभित्रमा क्क्च फारम बुझाउनु पर्ने भएकाले सो कार्यका लागि विभिन्न समितिहरू गठन गरी समितिहरूले आफ्नो जिम्मेवारी पूरा गरिरहेका छन् । क्यूएएको प्रमाणपत्र प्राप्त गर्नका लागि सहज होस् भन्ने उद्देश्यले विभिन्न समितिहरू निर्माण गरी क्यूएएका लागि सक्रिय रूपमा काम भइरहेको छ ।

**९. सम्मान**

क्याम्पसले समयसमयमा यस क्याम्पसको विकासका निम्ति सहयोग गर्नुहुने महानुभावहरूलाई सम्मान गर्ने परिपाटी बसाएको छ । यस वर्ष पूर्व सञ्चालक समितिका पदाधिकारीहरू, भवन निर्माणका निम्ति आर्थिक सहयोग गर्नुहुने दाता र भवन निर्माण समितिका पूर्व पदाधिकारी तथा सदस्यहरू, क्याम्पसलाई आर्थिक सहयोग प्रदान गर्ने प्राध्यापकलाई सम्मान गरिएको छ । उहाँहरूप्रति सम्मान गर्न पाउँदा क्याम्पस परिवार गौरवान्वित भएको छ । सम्मानित व्यक्तित्वहरूप्रति हार्दिक बधाई ज्ञापन गर्दछु ।

**१० विगत ४ वर्षमा भएका कार्यहरू :**

विगत लामो समयदेखि यस क्याम्पसमा कार्यरत रहेकाले यस क्याम्पससँगको मेरो नाता घरपरिवारजस्तै एउटै साङ्लोमा जेलिएको छ । २४ वर्ष निरन्तर संस्थाको हित र पठनपाठनमा क्रियाशील रहेपछि साथीहरूको सद्भाव र सञ्चालक समितिको विश्वासका कारण २०७४ माघ २८ गते क्याम्पस प्रमुखको जिम्मेवारी वहन गरेको हुँ । पदीय जिम्मेवारीपछि मानसिक रूपमा जुन महत्वाकाङ्क्षा रहेको थियो त्यसको १० प्रतिशत पनि काम भएको अनुभव गरेको छैन । जेजति कामहरू भएका छन् ती सञ्चालक समिति, अभिभावक, स्थानीय सरकार, प्राध्यापक साथीहरू, र विद्यार्थी भाइबहिनीहरूकै सद्भाव र सहयोगले भएका हुन् । दुई वर्षमा आमूल परिवर्तन गर्नुपर्छ भन्ने महत्त्वाकाङ्क्षामा केही तुसारापात भएको छ । हुन त म बढी महत्त्वाकाङ्क्षी भएको हुन सक्छु । यो मेरो मनोरोग हुन सक्छ । मेरो मनोरोग यस संस्थाको समृद्धि, प्राध्यापकहरूको सुविधा र विद्यार्थीहरूको हितमा छ भने मेरो मनोरोग अझ बढ्दै जाओस् तर मेरो मनोरोगले संस्थाको विरुद्धमा काम गर्न थालेको प्रमाणित भएमा सञ्चालक समिति, अभिभावक, प्राध्यापक साथीहरूले मलाई सङ्केत गर्न सक्नु हुने छ । त्यसलाई म आनाकानी नगरी सहस्र रूपमा स्विकार्ने छु । म क्याम्पस प्रमुख भएपछिको अवधिमा केही भएन भन्दाभन्दै पनि धेरै कामहरू भएका छन् । करिब दुई वर्षको अवधि कोभिडका कारणले कुनै उल्लेखनीय कार्य हुन सकेन । जेजति कामहरू भए ती महत्त्वपूर्ण भए । आजसम्मको मेरो कार्यकालमा भएका कामको विवरणलाई बुँदागत रूपमा प्रस्तुत गर्दछु :

१) खेलकुद कार्यक्रमको थालनी
२) कार्यालय व्यवस्थापन
३) बिजुली वाइरिङ र जडान
४) सिलिङ निर्माण
५) पश्चिमी सिमाना निर्धारण र पर्खाल निर्माण
६) ढल निर्माण
७) पुस्तकालय व्यवस्थापन
८) कार्यालय सुरक्षाका लागि फलामे गेट र ग्रिल जडान
९) क्याम्पसको ग्राउन्डमा ढलान
१०) क्याम्पस आउने बाटो ढलान जग्गा सुरक्षाका निम्ति पर्खाल
११) क्यूएए प्रक्रियाको थालनी र एलओआइ पत्र प्राप्त
१२) भवनको दक्षिणतर्फ जाली
१३) वार्षिक क्यालेन्डर प्रकाशन
१४) विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रमको थालनी
१५) कम्प्युटरका लागि फर्निचर खरिद
१६) कम्प्युटर खरिद तथा कम्प्युटर ल्याब निर्माण
१७) भवन रङरोगन
१८) फोटोकपी मिसिन, प्रोजेक्टर खरिद
१९) शौचालय निर्माण
२०) फर्निचरको बाँकी बक्यौता रू ८ लाखभन्दा बढी रकम र अन्य सानातिना रकम भुक्तानि
२१) शिक्षक कर्मचारी कल्याणकारी कोषको स्थापना
२२) ब्लक तथा सहायक भऱ्याङ निर्माण
२३) प्राध्यापकका लागि ऱ्याक, पुस्तकालय र कार्यालयका लागि टेबुल, दराज खरिद
२४) जग्गा भोगाधिकार प्राप्त (वडाकार्यलय कामपा ३ बाट)
२५) डिप बोरिङ निर्माण
२६) उद्यान निर्माण
२७) क्यान्टिन व्यवस्थापन
२८) प्राध्यापकहरूबाट ठुलो आर्थिक सहयोग
२९) प्राध्यापकहरूको बौद्धिक विकासका लागि ५ दिने अनुसन्धानमूलक कार्यशाला गोष्ठी

**११. क्याम्पसका सबल पक्षहरू**

क्याम्पसको स्थापनाकालदेखि नै पिछडिएका जनजाति, न्यून आर्थिक अवस्थाका परिवारका छोराछोरीलाई मासिक शुल्कमा राहत दिने काम हुँदै आएको छ । हालका दिनहरूमा विद्यार्थीहरूलाई उनीहरूको पठनपाठनको परीक्षा परिणाम अनुसार पुरस्कृत गर्ने, हाजिरी जवाफ, फुटबल, भलिबल, दौड, वक्तृत्वकला लागयतका अतिरिक्त क्रियाकलापमा सहभागी गराउने, मेधावी तथा गरिव जनजाति एवं दलित छात्रछात्रालाई छात्रवृत्ति प्रदान गर्ने जस्ता कार्य गरिँदै आएको छ । विद्यार्थीहरूको क्रियाकलाप बढाउन क्याम्पसको वार्षिक कार्यक्रम, दशैंतिहार, नयाँ वर्षजस्ता विविध कार्यक्रममा स्टेज प्रस्तुतिकरणका लागि अग्रसर गराउने काम गरिएको छ ।

अनुभवी प्राध्यापकहरूको अध्यापन कार्यकुशलता, विद्यार्थीहरूको पढाइमा रूचि आदि कारणले विश्वविद्यालयले लिने फाइनल परीक्षामा राम्रो परिणामका साथ उत्तीर्ण भएका छन् । पठनपाठनमा उच्च मिहनेत प्रदर्शन गरिँदा परिणाम अपेक्षित भएको छ ।

क्याम्पसको आन्तरिक तथा बाह्य वातावरण अत्यन्त शान्त र सौम्य छ । पठनपाठनमा कुनै अवरोध छैन । बाहिरी हल्ला खल्ला र बाधा छैन । कुनै संघ-संगठन वा विद्यार्थी युनियन गठन गर्न दिइएको छैन । क्याम्पसमा राजनीति हावी भएको छैन/हावी हुन दिइने छैन । स्थानीयहरूको आवास बीचमा शान्त वातावरणमा भवन उभिएको छैन ।

मुलुकमा यदाकदा भइरहने नेपाल बन्द, उपत्यका बन्द, चक्का जाम, हड्तालले पठनपाठनमा कुनै अवरोध आउन दिइएको छैन । अधिकांश विद्यार्थी पैदल हिँडेर नै क्याम्पस जाने आउने गर्दा सवारी साधनको भर पर्नु पर्ने बाध्यता छैन ।

नियमित पठनपाठन क्याम्पसको सबैभन्दा सबल पक्ष हुन् । विद्यार्थीहरूको पठनपाठनमा बाधा नपुगोस् भन्ने उदेश्यले क्याम्पसको कार्यतालिका अनुसार बनाइएको क्यालेन्डरमा अंकित बिदा बाहेक अन्य बिदा दिइने गरिएको छैन । आज पढाइ भएन भन्ने गुनासो नआओस् भन्नका लागि त्यही अनुसारको व्यवस्था मिलाउने गरिएको छ ।

पढाइ गुणस्तरीय बनाउन वर्षमा कम्तिमा दुई वटा आन्तरिक परीक्षा लिने गरिएको छ । परीक्षामा सहभागिता अनिवार्यता गरिएको छ । यसरी परीक्षा लिँदा वोर्ड परीक्षामा सोधिने प्रश्न पत्रको नमुना अनुसार कार्य गर्ने गरिएको छ ।

स्थानीय छरछिमेकीहरूसँगको सम्बन्ध अत्यन्त प्रगाढ छ । यही सुमधुर सम्बन्धले गर्दा स्थानीयहरूको सौहार्द्रता पनि क्याम्पस प्रति सकारात्मक रहेको छ ।

### १३. क्याम्पसका दुर्बल पक्षहरू

क्याम्पसले विद्यार्थीहरूका लागि नियमित पठनपाठनको कुशल व्यवस्थापन गरेको भए पनि कतिपय पक्षलाई दुर्वलताका रूपमा रूपान्तरण गर्नुपर्ने बाध्यता हुनु बिडम्बना हो । विभिन्न जिल्लाबाट अध्ययन गर्न आउने विद्यार्थीहरू न्यून आर्थिक अवस्थाबाट गुज्रिएको हुँदा कोठाको भाडा तिर्ने, शुल्क बुझाउने, खानपान, लुगाफाटा आदिका लागि सानोतिनो भए पनि रोजगारमा लाग्नुपर्ने बाध्यताले गर्दा सबै विद्यार्थी नियमित हुन सकिरहेका छैनन् ।

क्याम्पसमा आवश्यकता अनुसारको जग्गा नहुँदा खेल मैदान विस्तार गर्न सकिएको छैन । जसले गर्दा फुटबल, भलिबल र अन्य खेल खेलाउन मैदानको अभाव छ । आर्थिक अभावका कारण विद्यार्थीहरूको बौद्धिक एवं मानसिक विकासका निमित्त आमसंचार तथा पत्रकारिताको प्रयोगशाला, कम्प्युटर ल्याव, आन्तरिक खेल, पुस्तकालयको उचित व्यवस्थापन गर्न सकिएको छैन ।

प्राध्यापकहरूको वृत्ति विकासको निमित्त अनुसन्धानात्मक कुनै प्रयोगशाला छैन, अध्ययनका लागि कुनै कार्यकक्षको व्यवस्थापन गर्न नसकिएको यथार्थता छ । आर्थिक अभावले गर्दा नै प्राध्यापकहरूलाई अध्ययन अनुसन्धानमा सरिक गराउन सकिएको छैन ।

## १४.सवाल र चुनौति

सहरिया वातावरणमा च्याउजस्तै उम्रिएका शैक्षिक संस्थाहरूसँग गुणस्तरमा प्रतिस्पर्धा गर्नु हाम्रो सबैभन्दा ठुलो चुनौति हो । गुणस्तरीय पठनपाठनका लागि भौतिक सुविधा महत्वपूर्ण पक्ष हुन आउँछ । हाल रहेको भवनमा कक्षा कोठाको अभाव छ । विषयहरू थप गरेर अध्ययन अध्यापन गराउन भवनकै आवश्यकता पर्दछ । कक्षा सञ्चालन गर्न भवन, पुस्तकालय, पत्रकारिता प्रयोगशाला, अनुसन्धान

प्रयोगशाला, प्राध्यापकहरूका लागि कार्यकक्ष आदि अभाव छन् । विद्यार्थीहरूका लागि खेल मैदान उपलब्ध गराउनु पर्ने चुनौति आफ्नै ठाउँमा छ । आगामी वर्षमा बढ्न सक्ने विद्यार्थी संख्यालाई दृष्टिगत गर्दा सबैभन्दा बढी चुनौति भवनकै देखिन आउँछ ।

हाल विद्यमान पठनपाठनका विषयबाहेक माग भइआएका अन्य बीबीए, बीएसडब्लु, पर्यटन, होटल व्यवस्थापन, हस्पिटालिटी म्यानेज्मेन्ट आदि विषय थप गर्न सकिएको छैन । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्नका लागि पनि भौतिक पूर्वाधार चुनौतिकै रूपमा रहेका छन् ।

कक्षाकोठा र शैक्षिक कृयाकलापलाई प्रविधिमैत्री बनाउनु क्याम्पसको अर्को चुनौति रहेको छ । सामग्री र स्रोतको उपलव्ध गराउनु क्याम्पसका लागि चुनौतिपुर्ण छ । र शिक्षकलाई समेत प्रविधिमैत्री शिक्षण सिकाइका लागि उत्प्रेरीत गर्नु पनि अर्को महत्वपुर्ण सवालका रूपमा रहेको छ । व्यवहारीक शैक्षिक ज्ञानका लागि कतिपय प्रयोगात्मक विषयहरूका लागि कार्यक्षेत्रमा जानुपर्ने भएपनि विश्वव्यापी चुनौति बनेको कोभिड १९ का कारण त्यस्ता व्यवहारीक शैक्षिक भ्रमणहरू आयोजना गर्न सकिएको छैन । अर्कातर्फ कोभिडका कारण जारी गरिउको बन्दावन्दीका कारण अनलाईनमा कक्षा सञ्चानल गर्नुपरेको छ । तर अनलाई कक्षाहरू विश्वशान्ति चिरन मिलन क्याम्पस  जस्ता सामुदायिक क्याम्पसहरू प्रभावकारी हुन सकेको छैन । यसले शिक्षण सिकाइ र परीक्षा नतिजमा गम्भीर असर पर्ने आशंका उत्पन्न भएको छ । भैतिक कक्षाहरू नियमित गर्न नसकिदा विद्यार्थीबाट संकलन हुने शैक्षिक शुल्क समेत समयमा संकलन गर्न नसकिदा क्याम्पसको दैनिक खर्च तथा शिक्षकहरूको तलव भत्ता व्यवस्थापनमा चुनौति खडा भएको छ ।

## १५. अल्पकालीन योजना

क्याम्पस भौतिक रूपमा समृद्धिको बाटोतर्फ उन्मुख भइरहेको छ । विशेष गरी एक वर्षभित्रमा तयार पारिने कार्यक्रमलाई अल्पकालीन योजनामा राखिएको छ । यस अर्न्तगत क्याम्पसको शैक्षिक नतिजामा उल्लेख्य सुधार गरिने योजना बनाइएको छ । यसका लागि विद्यार्थीलाई परामर्श कक्षाहरूको व्यवस्था, शिक्षकलाई क्षमता विकास तथा सिप विकासका तालिमहरू उपलब्ध गराउने योजना क्याम्पसको रहेको छ । यसैगरी खेलकुद क्षेत्रमा विद्यार्थीहरूको क्षमतालाई थप टेवा पुर्‍याउन साताको एक दिन अनिवार्य खेलकुद कार्यक्रम आयोजना गर्ने, वर्षमा कम्तीमा एकपटक क्याम्पसभित्र र अन्तरक्याम्पस स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने तथा त्यस्ता कार्यक्रमहरूमा सहभागीता जनाउने योजना क्याम्पसको रहेको छ । यसैगरी क्याम्पसबाट स्नातक तह उतिर्ण भएका विद्यार्थीहरूलाई रोजगारीका अवसरहरूसगँ जोड्नका लागि आसपासका सम्भावीत रोजगारदाताहरूसग समन्वय कायम गर्ने र विद्यार्थीलाई रोजगारीमा सहयोग गर्ने योजना पनि बनाइएको छ ।

## १६. दीर्घकालीन योजना

क्याम्पसले २०७६ मा पारित गरेको पाँच वर्षे योजनामा केही योजनाहरू सम्पन्न भएका छन् भने केही योजनाहरू अधुरा नै रहेका छन् । पञ्च वर्ष योजनामा नपरेका योजनाहरू अल्पकालीन योजनामा समावेश गरिएका छन् । QAA प्रक्रियालाई आवश्यक पर्ने योजनाहरू थप गर्दै लगिएको छ । २०७६ सालमा पारित गरिएको पाँच वर्षे कार्ययोजनालाई दीर्घकालीन योजनाअन्तर्गत राखिएको छ ।

### १६.१ . तीन वर्ष योजना भौतिक विकास योजना

| S. N. | Title | Starting | Completion | Duration | resource |
|---|---|---|---|---|---|
| 1. | building construction with 20 rooms | 2078 | 2080 | 3years | Federal government |
| 2. | Ground furnishing and block decoration | 2078 | 2078 | 1 year | Local government |
| 3. | Sallow tubwell installation and drinking water facility instelement | 2078 | 2078 | 1year | Local government |
| 4. | Radio Lab and studio establishment for MCJ study | 2078 | 2080 | 3 years | Local government and donors |
| 5. | Play ground | 2078 | 2078 | 1year | Local government |
| 6. | e- library | 2078 | 2078 | 1 year | Local Government |
| 7. | Garden management | 2078 | 2078 | 1 year | Local government |
| 8. | ICT- lab enhancement | 2078 | 2080 | 3 years | UGC and others agencies ,students fees |
| 9. | Research enhancement | 2078 | ……. | Every year | Campus assembly, UGC |
| 10 | Training Hall | 2078 | 2080 | 3 years | UGC, donors |

### १६.२ तीन वर्षको शैक्षिक विकास योजना

तिन वर्षे शैक्षिक योजनाहरूमा कतिपय योजनाहरू QAA प्रक्रिया पूरा नभएसम्म पूरा नहुने भएका छन् त्यसैले QAA प्रक्रियालाई निरन्तरता दिने काम भएको छ । २०७८ सालमा तिन वर्षका लागि तयार पारिएको शैक्षिक योजना निम्नानुसार रहेको छ :

| S. N. | Title | Starting | Completion | References /Status |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 1. | QAA certification | 2078 | 2080 | LOI has been submitted |
| 2. | Master Degree class starting | 2080 | 2080 | Proposal submission at least two subjects |
| 2. | Additional programme ( BBA,BCA,BBM) in Bachelor Level | 2080 | 2080 | Proposal submission |
| 3. | Publication of Research based journal | 2078 | Each year contd | Five members Research committee has been formed |
| 5. | Additional Programs for Extracurricular Activities | 2078 | Contd... | Work Division specified for Extracurricular Activities |
| 6. | Health support room establishment | 2078 | 2079 | Proposed |
| 7. | CTEVT Training and programmes | 2078 | 2080 | Initiation for CTEVT Programs for Skill Development at local level to fulfill local need |
| 8. | Projector in each class room | 2078 | 2080 | With support from UGC and local body |
| 9. | CC camera installation | 2078 | 2080 | With support from UGC and local body |
| 10. | Increment in number of students | 2078 | 2080 | |
| | | | | |

१७. निष्कर्ष :

क्याम्पसले रजत जयन्ती र वार्षिकोत्सव कार्यक्रम २०७८ मनाइरहँदा मैले यस संस्थालाई उल्लेखनीय सहयोग गर्नुहुने महानुभावहरूको नाम ससम्मान उच्चारण गर्नुपर्ने थियो तर लेख लामो हुन गएकाले यस प्रतिवेदनमा नामोल्लेख गर्न सम्भव भएन । क्याम्पसद्वारा प्रकाशित स्मारिकामा सकेसम्म सबैलाई समेट्ने प्रयास गरिएको छ । यति हुँदाहुँदै पनि मैले बिर्सनै नहुने र निरन्तर सहयोग प्राप्त भइरहने संघसंस्था, दाता, सहयोगी हातहरूको नाम उच्चारण नगरी रहन सक्दिनँ । हामीलाई निरन्तर रूपमा नियमित अनुदान र समयसमयमा भौतिक तथा शैक्षिक गुणस्तरका निम्ति आर्थिक सहयोग गर्ने सामुदायिक क्याम्पसहरूको अभिभावक संस्था विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक सम्मान गर्न चाहन्छु । त्यसै गरी यस क्षेत्रका संघीय सांसद माननीय ईश्वर पोखेल यस संस्थाका लागि स्मरणीय व्यक्तित्व हुनुहुन्छ । उहाँलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस क्याम्पसको भौतिक विकासमा उल्लेखनीय सहयोग प्रदान गर्ने सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा विकास निर्देशनालय बागमती प्रदेश र यस क्षेत्रका प्रदेश सभासद श्री दीपक निरौलाज्यू साथै भवन निर्माणमा आशातीत आर्थिक योगदान गर्नुहुने आदरणीय उद्योगपति श्री हरिभक्त शर्मालाई हृदयदेखि नै सम्मान गर्दै उहाँहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

मैले बिर्सनै नहुने र यस क्याम्पसको मुहारलाई हँसिलो बनाउन निरन्तर रूपमा हरेक क्षेत्रबाट सहयोग गर्नुहुने काठमाडौँ महानगर पालिका वडा नं. ३ का वडाध्यक्ष श्री दीपक केसीप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै यस क्याम्पसको भौतिक पूर्वाधार विकासमा उल्लेखनीय आर्थिक सहयोग पुऱ्याउने खानेपानी तथा सरसफाइ डिभिजन नं.५ बागमती प्रदेश, शान्ति तथा पुनर्निर्माण मन्त्रालय (हाल मन्त्रालय नरहेको) लाई स्मरण गर्न चाहन्छु ।

सर्वप्रथम त क्याम्पसलाई जग्गा उपलब्ध गराई भवन निर्माणका निम्ति ज्यानजिलो दिनुहुने भवन निर्माण समितिका पूर्व संयोजक श्री श्रीकृष्णप्रसाद गौतम, त्यसै गरी भवन निर्माण समितिका पूर्व सदस्यहरू डा. दिनेश बाँस्तोला, शेषराज अधिकारी, श्री कृष्णकुमार सिंह ठकुरी, श्री श्रीरङ्ग रेग्मी, नरबहादुर कार्की, श्री अच्यूचराज चालिसे, दशरथ कार्की, श्री नवीन मैनाली, प्रकाश रायमाझी, विष्णु खनाल, केशवराज वाग्ले, अरुण उपाध्याय, प्रेमबहादुर बोहरा, सनदकुमार थपलिया, लक्ष्मण वन आदिको योगदानलाई बिर्सन सकिँदैन ।

जसले क्याम्पसको स्थापना गरेर सञ्चालनका निम्ति यस समुदायलाई आफ्नो संस्था समर्पित गऱ्यो त्यस्तो व्यक्तित्व श्री मोनहसिंह प्रधान स्तुत्य र स्मरणीय व्यक्तित्व हुनुहुन्छ । त्यसै गरी यस क्षेत्रमा क्याम्पस सञ्चालनका निम्ति व्यवस्थापन मिलाएर क्याम्पस सुचारु गराउने तत्कालीन सभामुख दमननाथ ढुंगाना, क्याम्पसका पूर्व अध्यक्ष श्री नरहरि आचार्य र विगत लामो समयदेखि क्याम्पस सञ्चालक समितिका अध्यक्ष रहनु भएका प्रा.डा.मोहनप्रसाद लोहनीज्यूप्रति हार्दिक नमन गर्न चाहन्छु । त्यसै गरी पूर्व क्याम्पस प्रमुख हरिप्रसाद ढुङ्गाना, सुशीलचन्द्र वाग्लेले यस क्याम्पसलाई पुऱ्याउनु भएको योगदानप्रति मुक्तकण्ठले प्रशंसा गर्दछु ।

क्याम्पसलाई आवश्यक फर्निचर उपलब्ध गराएर सहयोग गर्नुहुने दिलबहादुर विश्वकर्मा क्याम्पसले स्मरण गर्न योग्य पात्र बन्नुभएको छ । त्यसै गरी हाम्रो आवश्यकता र अनुरोधलाई स्विकार्दै आफ्नो लगानीबाट नयाँ भवन निर्माण गरिदिनुहुने स्तुत्य व्यक्तित्व हरि शर्माप्रति हामी ऋणी रहेका छौँ ।

न्यूनतम पारिश्रमिक लिएर पनि आफूले पाएको पारिश्रमिक यस सामुदायिक क्याम्पसको भौतिक विकासका निम्ति समर्पित गर्नुहुने यस क्याम्पसका आदरणीय प्राध्यापक साथीहरूको योगदानलाई यस संस्थाले युगौँयुगसम्म स्मरण गरिरहने छ । उहाँहरूको योगदान सबैका निम्ति प्रेरणादायी बनोस् । उहाँहरूप्रति नतमस्तक भएर सम्मान गर्न चाहन्छु ।

त्यसै गरी क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तरमा उल्लेखनीय योगदान गर्नुहुने वर्तमान क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रा.डा.मोहनप्रसाद लोहनीप्रति स्तुत्यभाव व्यक्त गर्दछु ।

यस संस्थासँग आफ्नो पारिवारिक सम्बन्ध जोडेर क्याम्पसको हरेक क्षेत्रमा आर्थिक, भौतिक, मानसिक, बौद्धिक रूपले हरहमेसा सहयोग प्रदान गर्नुहुने चिरन मिलनका पिता डा.शम्भुराम सिंखडाप्रति विशेष आभार प्रकट गर्दछु । साथै वर्तमान सञ्चालक समितिका सदस्यको सक्रियताबाट नै हामी यहाँसम्म आइपुगेका छौँ । त्यसका निम्ति वर्तमान क्याम्पस सञ्चालक समिति सबैभन्दा उदाहरणीय र प्रशंसनीय बनेको छ ।

पूर्व विद्यार्थीहरूको अविस्मरणीय सद्भाव र भविष्यमा पनि हुन सक्ने अतुलनीय सहयोगलाई हृदयबाट नै सद्भाव व्यक्त गर्दछु । हाल अध्ययनरत विद्यार्थी त मेरो हृदयका स्पन्दन हुन् । उनीहरूको

सहयोगबिना क्याम्पसको अस्तित्व नै रहँदैन । हरेक क्षणलाई आफ्नो कर्तव्य सम्झेर क्याम्पसको हित र गुणस्तरमा वृद्धि हुने कार्यमा सक्रियता देखाउने विद्यार्थीहरूलाई हृदयदेखि नै साधुवाद व्यक्त गर्दछु ।

क्याम्पसको पूर्वाधार विकासमाा गैरी गाउँ टोलसुधार समितिको उल्लेख्य योगदान रहेको छ । यस समितिका अध्यक्ष सुरज खड्का, उपाध्यक्ष लक्ष्मण वनलगायत समितिका सम्पूर्ण पदाधिकारीहरूप्रति आभार व्यक्त गर्दछु । क्याम्पसका छरछिमेकी, इष्टमित्र, शुभचिन्तक, दाता र क्याम्पसको कल्याणमा मन, वचन र कर्मले सधैँ समर्पण गर्नुहुने व्यक्तित्वहरूप्रति हार्दिक साधुवाद प्रकट गर्दै दैनिक कार्यसम्पादनमा सहयोग पुर्‍याउने कर्मचारीप्रति धन्यवाद प्रकट गर्दै यस क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।